**निर्णय नं. ५ :**

यस नगरपालिका नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयमा कार्यरत ६३ जना तथा विभिन्न स्वास्थ्य संस्थामा कार्यरत ३४ जना अस्थाई तथा करारमा कार्यरत कर्मचारीहरुको म्याद यही २०७७ माघ १ गते देखी २०७७ चैत्र मसान्तसम्मको लागि थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

नगर शिक्षा समितिको मिति २०७७/९/२७ गतेका दिन बसेको बैठकले विभिन्न सामुदायिक विद्यालयहरुलाई पुस्तकालय, शौचालय निर्माणको लागि बजेट उपलब्ध गराउने गरी भएका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

चालु आर्थिक वर्ष २०७७/७८ को लागि नगरसभावाट ५० प्रतिशत लागत सहभागितामा काम गर्ने गरी बजेट बिनियोजन भएकोमा सो कार्यक्रम अन्तरगत योजना सञ्चालनको लागि लागत अनुमान सहित विभिन्न वडाबाट निवेदन प्राप्त भएकोमा प्राप्त भएका निवेदनको कूल लागत अनुमान तथा बजेट बाँकीका आधारमा ५० प्रतिशत रकम नगरपालिकाबाट बिनियोजन गर्न नसकिने भएकोले निम्नानुसारका योजनाहरुमा निम्नानुसारको रकम नगरपालिकाको तर्फबाट बिनियोजन गर्ने र बाँकी रकम उपभोक्ता समितिबाटै व्यहोर्न लगाई योजना सम्पन्न गर्ने गरी योजनाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल :

| सि न | योजनाको नाम | ठेगाना | लागत अनुमान | नगरपालिकावाट व्यहोर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | हस्पीटल चोक देखी पुतलीखेत चोकसम्म बाटो निर्माण | वडा नं. ३ | १,८६,०००।- | ७५,०००।- | |
| २ | तल्लो बिचारी डाँडा देखी माथिल्लो बिचारी डाँडा गोरेटो बाटो निर्माण | वडा नं. ३ | १,७५,०००।- | ७०,०००।- | |
| ३ | हरीपाला लाम्पाटा ग्रामीण सडक | वडा नं. ४ | १,८९,०००।- | ७६,०००।- | |
| ४ | अंगुर काफ्लेको घरदेखी गिजीन डाँडा सडक निर्माण | वडा नं. १३ | २,२०,०००।- | ८६,८४६।- | |

**निर्णय नं. ८ :**

नगरपालिका अन्तरगतका वडा नं. २ मा पर्ने हुँनीकोट शहरी स्वास्थ्य केन्द्र, वडा नं. ३ मा पर्ने निरबिरे शहरी स्वास्थ्य केन्द्र र वडा नं. ९ मा पर्ने कोल्मा बर्थिङ्ग सेण्टरलाई मर्मत संभार गरी सञ्चालनमा ल्याउने निर्णय गरियो । उक्त तिनवटै संस्थालाई मर्मत गर्दा लाग्ने खर्च रकम नगरपालिकाको मर्मत संभार कोष शिर्षकबाट व्यवहोर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

यस वर्षको बर्षातको समयमा नगरपालिकाका विभिन्न स्थानमा क्षती भएकोले विभिन्न व्यक्तिहरुबाट विपद् व्यवस्थापन कोषबाट राहत रकम माग भइ आएको छ । त्यस्ता किसिमका निवेदन उपर हालसम्म कुनै किसिमको संस्बोधन गर्न सकिएको छैन । यस नगरपालिका अन्तरगतको विपद् व्यवस्थापन समितिले ७ दिनभित्र कुन कुन वडाबाट राहत स्वरुप के कती रकम माग भएकोछ, त्यस्ता किसिमका विपद् पिडितहरुलाई जोखिमको आधार तथा नगरपालिकाको स्रोतका आधारमा के कती दिन सकिन्छ फिल्ड समेत अनुगमन गरी एकिन गरी सिफारिश गर्ने र सो वापतको रकम सोही वडाको लागि कोभिड-१९ को लागि विपद् व्यवस्थापन तर्फ बिनियोजित रकम मध्ये बचत रकमबाट भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १० :**

नगर कार्यपालिकाको कार्यालयले तयार गरी पेश गरेका तपसिल बमोजिमका कार्यविधिहरु पारीत गर्ने निर्णय गरियो ।

(क) घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ लाई संशोधन गर्न बनेको विधेयक २०७७

(ख) पुतलीबजार नगरपालिकको लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि २०७७

**निर्णय नं. ११ :**

भूमिहिन दलीत, भूमिहिन सुकुम्वासी र अव्यस्थित बसोबासीहरुको स्थानीय तहबाट लगत संकलन कार्यविधि २०७७ को दफा ३ को उपदफा (१) बमोजिम भूमिहिन दलीत, भूमिहिन सुकुम्वासी र अव्यस्थित बसोबासीहरुको पहिचान, लगत संकलन, प्रमाणीकरण तथा नापनक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न नगरपालिका स्तरमा र उपदफा (२) बमोजिम स्थलगत रुपमा तथ्याङ्क संकलन तथा नापनक्साको काममा सहजीकरण गर्न तथा वडा समितिलाई आवश्यक सहयोग पुऱ्याउन वडास्तरमा गठन हुने स[illegible]करण समिति यथाशिघ्र गठन गरी कार्य प्रारम्भ गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :**

पोखरा देखी यसै नगरपालिकाको वडा नं. ५ थुमको डाँडा (हटीया) सम्मको बाटो निर्माण गर्न जिम्मा पाएको निर्माण व्यवसायी संस्थाले उक्त बाटो निर्माण कार्यको लागि यस नगरपालिका क्षेत्रमा पर्ने भागको लागि आवश्यक पर्ने रोडा यसै नगरपालिकाको वडा नं. ५ मा व्यक्तिगत जग्गामा अस्थाई रुपमा क्रसर उद्योग राखी सञ्चालन गर्न अनुमती पाउँ भनी गरेको आवेदन अनुसार नगर कार्यपालिकाको कार्यालयले आयोजना सञ्चालन अवधिभरका लागि सञ्चालन गर्ने गरी अस्थाई क्रसर उद्योग सञ्चालन गर्न दिएको अनुमतीलाई अनुमोदन गर्ने निर्णय गरियो ।